Shree Shadananada Campus

SMC Journal

***Article History:*** *Received date: October 16, 2025; Accepted date: February 1, 2026*

DOI: https://doi.org/10.3126/smcjsmc.v2i01.91616

# बालागुरु षडानन्द अधिकारीको जीवनी उनको धार्मिक, शैक्षिक योगदान

**नगेन्द्र बस्नेत**

श्री षडानन्द बहुमुखी क्याम्पस

## लेखकबारे

लेखक नगेन्द्र बस्नेत (Orchid ID: 0009-0000-3578-9150) षडानन्द बहुमुखी क्याम्पमा क्याम्पस प्रमुखको रूपमा कार्यरत रहनु भएको छ।

यस लेखका बारेमा थप केही कुरा बुज्नु परेमा निजको इमेल ठेगानामा सम्पर्क गर्न सकिनेछ । Email: nagendradingla@gmail.com

**शोध सार**

बालागुरु षडानन्द अधिकारी (वि.सं. १८९२–१९७२) पूर्वी नेपालको भोजपुर जिल्ला दिङ्ला क्षेत्रका एक प्रभावशाली धार्मिक, शैक्षिक तथा सामाजिक सुधारक व्यक्तित्व हुन् । ब्रह्मचारी जीवन अंगीकार गरी मिथिला, जनकपुर र काशीमा संस्कृत, वेद, दर्शन तथा अध्यात्म विषयमा गहन शिक्षा प्राप्त गरेका षडानन्द अधिकारी स्वदेश फर्केपछि जीवनभर समाज सेवामा समर्पित रहे । उनले तत्कालीन समाजमा विद्यमान अशिक्षा, धार्मिक अव्यवस्था र सामाजिक अवनतिलाई सुधार गर्ने उद्देश्यले मन्दिर, पाठशाला, गुठी तथा विभिन्न सार्वजनिक संरचनाहरूको स्थापना र व्यवस्थापन गरे । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधि अपनाई बालागुरु षडानन्द अधिकारीसँग सम्बन्धित जीवनी ग्रन्थ, धर्मपत्रिका, शिलालेख, दानपत्र, लालमोहर, रुक्का आदेश, ताम्रपत्र तथा अन्य ऐतिहासिक अभिलेखहरूको विश्लेषण गरिएको छ । अनुसन्धानको गुणात्मक ढाँचामार्फत षडानन्द अधिकारीको जीवनी, शैक्षिक, धार्मिक, सामाजिक योगदानहरूको विवेचना गरिएको छ । षडानन्द अधिकारीले गुठी व्यवस्थापनमार्फत मन्दिर, पाठशाला, पूजा–पाठ, छात्रवृत्ति, छात्रबास, कर्मचारी वृत्ति तथा सांस्कृतिक पर्वहरूको दीर्घकालीन सञ्चालनका लागिसुदृढ संरचना निर्माण गरेको तथ्य स्पष्ट हुन्छ । यद्यपि बालागुरु षडानन्द अधिकारीका योगदानहरू स्थानीय स्तरमा व्यापक रूपमा परिचित भए पनि शैक्षिक जर्नल तथा अन्तर्राष्ट्रिय शोध क्षेत्रमा पर्याप्त रूपमा अभिलेखित भएको पाइँदैन । यस लेखले षडानन्द अधिकारीका बहुआयामिक योगदानहरूलाई शैक्षिक विमर्शको केन्द्रमा ल्याउने प्रयास गरेको छ र भविष्यमा थप अनुसन्धानका लागि आधार सामग्री प्रदान गर्ने अपेक्षा राख्दछ ।

***मुख्य शब्दहरू:*** बालागुरु षडानन्द अधिकारी, सामाजिक सुधार, गुठी व्यवस्था, पाठशाला, धार्मिक संस्थापन, दिङ्ला

# बालागुरु षडानन्द अधिकारीको जीवनी उनको धार्मिक, शैक्षिक योगदान

## पृष्ठभूमि

“भोजपुर जिल्ला दिङ्ला गडीगाउँमा कश्यप गोत्रीय अधिकारी परिवारमा पिता लक्ष्मी नारायण र माता रुक्मिणीका गर्भबाट वि.सं.१८९२ मार्ग शुक्ल पञ्चमीका दिन षडानन्द अधिकारीको जन्म भएको हो” (अधिकारी,२०७३ पे.१३) । बालागुरुका पाँच दाजुभाइ तीन दिदी बहिनी थिए । बालागुरुको जन्म हुँदा पिताको निधन भइ सकेको थियो । उनी जन्मदा उनको सालनाल उनकी माइली दिदी नर्मदाले घरमाथिको वरपीपलको रुखमुनि गाडि दिएर, यही वरपीपल झै मेरो भाइ दुनियाँलाई छहारिदिने होस् भनेकी थिइन् भन्ने स्थानीय जनश्रुति रहेको छ । बालागुरुको ८ वर्षको उमेरमा व्रतबन्ध भएको थियो । व्रतबन्धमा देशान्तर जाँदा घर नफिरेको एक थरी मत रहेको छ भने अर्को मत अनुसार उनी तीर्थयात्रीहरुसँग साथ लागि घर छाडेको भन्ने रहेको छ (अधिकारी, २०७३) । बालागुरू षडानन्द घर छोडेर हिडेपछि जनकपुरको मटिहानी आश्रममा अध्ययन गरेका थिए । मटिहानीबाट बनारसको मुमुक्षु आश्रममा मग्निराम गुरुको सान्निध्यमा अध्ययन गरेका थिए । वनारसको अध्ययन सकेपछि तिर्थाटनमा निस्केका थिए । काठमाण्डौंको पशुपतिनाथ, पचलीघाट र पोखरा आदि स्थानमा तपस्या गरेका थिए । चौविस गायत्री पुरश्चरण गरी अष्टसिद्धि प्राप्त गरेका थिए । आमाको अन्तिम समयको बोध भइ उनी घर फर्के । त्यस पछि जीवनभर गाउँको सेवामा तल्लिन भइ वि.सं.१९७२ मा काठमाण्डौंको पचलीघाटमा उनको देहान्त भयो । उनले वि.सं. १९३२ सालमा कैलाशमा सीताराम मन्दिरको स्थापना गरे (धर्म पत्रिका, वि.सं. १९६६) । सोही मन्दिरका लागि नित्य पूजापाठका गर्नका लागि वि.सं. १९३५ तत्कालीन नेपाल सरकार (राणा सरकार) बाट गुठीको लालमोहर जारी गराउन सफल भए । त्यसलाई अझ व्यवस्थित बनाउन वि.सं.१९४१ रुक्का आदेश, वि.सं. १९४२ ताम्रपत्र र वि.सं.१९७० मा इस्तिहार समेत जारी गराउन सफल भए । औपचारिक रूपमा वि.सं.१९५५ मा पाठशाला स्थापना गरे (धर्म पत्रिका, वि.सं.१९६६) । यी पाठशाला, मठ मन्दिरको दिगो व्यवस्थापनका लागि बृहत गुठीको व्यवस्थापन गरी वि.सं.१९६६ मा शिलालेख तथा धर्म पत्रिका जस्ता अभिलेख बनाए । यसरी बालागुरु षडानन्द शैक्षिक, धार्मिक, सामाजिक र सांस्कृतिक सुधारहरू गर्न सफल भए ।

## समस्या कथन

बालागुरु षडानन्द अधिकारीका सम्बन्धमा विभिन्न पुस्तक (जीवनी गद्य र पद्य) मा लेखिएको भए तापनि अहिलेसम्म उनका योगदानको बारेमा जर्नलमा प्रकाशन गरिने अनुसन्धानमुलक लेख लेखिएको पाइएन । उनका बारेमा लेखिएका समाग्रीहरू निश्चित संघसंस्था जस्तै षडानन्द प्रतिष्ठान तथा अन्य व्यक्तिहरूले व्यक्तिगत वा संस्थागत रूमा प्रकाशन गर्दै आएका छन् । ती सामग्रीको बजारमा पहुँच नगन्य रहेको छ । बिक्रिवितरणका लागि खासै व्यवस्था गरिएको पनि पाइदैन । उनैले स्थापना गरेको षडानन्द गुठीले षडानन्द स्मृति ग्रन्थ वि.सं. २०५२ मा प्रकाशन गरेको पाइन्छ । तर त्यो पुस्तक पनि अप्राप्य भई सकेको छ । स्यम् प्रकाशक संस्थाको कार्यालयमा समेत उक्त ग्रन्थ रहेको पाइएन । हालसालै अनुसन्धान गरिएका समाग्रीहरू एक आपसमा शेयर गर्ने प्रवृत्ति बढ्दो रहेको छ । गुगल स्कलरजस्ता प्लेटफर्महरूमा

षडानन्दसम्बन्धी सामग्री खोजी गर्दा कतै फेलापार्न सकिएन । बालागुरु षडानन्द अधिकारीका योगदानहरू स्थानीय रूपमा जगजाहेर भए तापनि उनका कार्यहरू विश्वव्यापी रूपमा चिनाउन नितान्त आवश्यक रहेको छ । यस लेखमा षडानन्द अधिकारीको जीवनी र योगदानहरूको खोजी गर्नु मुख्य समस्याको रूपमा लिइएको छ ।

### अध्ययनको उद्देश्य

बालागुरु षडानन्द अधिकारीको शैक्षिक सामाजिक सुधारको बारेमा खोज अनुसन्धान गरी त्यसको विवेचना गर्नु यस अध्ययनका मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा मुख्य गरेर पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ । अहिलेसम्म षडानन्द अधिकारीका बारेमा प्रकाशन भएका समग्रीहरूको सिहावलोकन गरी अध्ययनका लागि सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । अनुसन्धानको गुणात्मक ढाँचा अपनाइ विश्लेषण गरी निस्कर्ष प्रस्तुत गरिएको थियो ।

### अध्ययनको महत्व

यस अध्ययनले बालागुरु षडानन्दले सामाज सुधारमा गरेका योगदानहरूको बारेमा सूचित हुनका लागि मद्दत गर्नेछ । बालागुरु षडानन्दसम्बन्धी अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी र जिज्ञासु शोधार्थीहरूका लागि स्रोत सामग्रीको रूपमा यसले मद्दत गर्नेछ ।

### अध्ययनको सीमा

यो अध्ययनमा बालागुरु षडानन्द अधिकारीको जीवनी, उनका धार्मिक कार्य, शैक्षिक कार्यका बारेमा तत्कालीन समाजमा उनले गरेका सुधारात्मक कार्यहरूमा केन्द्रित हुनेछ । बालागुरुका वैयक्तिक व्यक्तित्वका समग्र पक्षलाई यस अध्ययनले समेट्न सक्ने छैन ।

## नतिजा र छलफल

### जीवनी

#### जन्म, बाल्यकाल तथा माता पिता

आबाल ब्रह्मचारी षडानन्दको जीवनी प्रकाश पार्ने पहिलो स्रोत उनी आफैले वि.सं.१९६६ आषाड १८ गते राखेको धर्म पत्रिका र सोही मितिमा राखेको शिलालेखमा तलको श्लोक कुँदिएको छ ।

> रुक्मिणीगर्भजातेन लक्ष्मीनारायणस्च ।
> पुत्रेण श्रीषडानन्दशर्मणा ब्रह्मचारीणा ।।

उक्त श्लोकबाट षडानन्द अधिकारीको नाम षडानन्द, माता रुक्मिणि र पिता लक्ष्मीनाराण भएको खुल्दछ । यज्ञानिधि चापागाईंको श्री आवाल ब्रह्मचारी चरित्रम् बालागुरु षडानन्दको पद्यमा नेपाली भाषामा लेखिएको र लेखनका

हिसाबले पहिलो जीवनी हो । त्यसैले बालागुरु षडानन्दको पहिलो जीवनीकार यज्ञनिधि चापागाईं हुन् । तर प्रकाशन वा छपाइका हिसाबले आवाल ब्रह्मचारी चरित्रम् दोस्रो जीवनी हो । कवि चापागाईंले वि.सं. १९६६ मा बालागुरु जीवित हुँदै तयार पारेको बालागुरुको देहान्त भए पछि स्वर्गारोहण चरित्र थप गरी छपाउन काशी पठाएको तर कुनै कारणवस नछापिएकोले वि.सं. १९८१ मा कवि स्यमं काशीवास गर्न जाँदा खोजेर १ हजारप्रति वि.सं. १९८७ मा प्रकाशन गरिएको कुरा उक्त ग्रन्थको भूमिकामा र सोही काव्यको श्लोक १०२ मा समेत उल्लेख गरेका छन्, "साल् छै सट्ठि अधिक श्रावण महाँ सम्पूर्ण लेखी दिञा" (चापागाईं, वि.सं.२०५८ पृ.३८) । स्वर्गारोहण चरित्र चाहिँ बालागुरुको निधनपश्चात थप गरिएको थियो । यसरी बालागुरु षडानन्द जीवित छँदै उनको जीवनी लेख्ने पहिलो लेखक कवि यज्ञनिधि चापागाईं हुन् तर प्रकाशनका हिसाबले चाहिँ उनी दोस्रो लेखक हुन् । बालागुरुको जीवनी संस्कृत भाषामा पद्यमा लेख्ने कवि तथा बालगुरुका सहकर्मी नन्दिकेश्वर अधिकारी हुन् । उनले सदाचार ज्ञानाऽदर्शकः आबाल ब्रह्मचारी पण्डित गुरु षडानन जीवनचरितसहितम् वि.सं. १९८४ मा काशीबाट प्रकाशित गरेका थिए । सदाचार ज्ञानाऽदर्शकःआबाल ब्रह्मचारी पण्डित गुरु षडानन जीवनचरितसहितम्को नेपाली अनुवाद कवि दुर्गा प्रसाद अधिकारी एवं नन्दिकेश्वर अधिकारीका सहोदर नाति दुर्गा प्रसाद अधिकारीले अक्षरधाम प्रकाशनबाट वि.सं. २०६७ मा प्रकासित भएको छ । बालागुरुको जन्म तिथिका बारेमा यज्ञनिधि र नन्दिकेश्वरको मत बाझिएको रहेछ । नन्दिकेश्वरका अनुसार बालागुरुको जन्म वि.सं. १८९२ पुष महिनाको मूल नक्षत्र, शुभ पक्ष, तिथि, बार, ग्रह उच्च स्वगृहि, मित्रगृहि, त्रिकोण भएको लग्नमा भएको बताइएको छ (अधिकारी, २०६७) तर यज्ञनिधिका अनुसार बालागुरूको जन्मसाल वि.सं. १८९२ साल मार्ग शुल्क पंञ्चमी श्रवण नक्षत्र असल लग्नमा भएको बताएका छन् ।

> “वेयान्वव्य रहेछ जन्म सहकाल् मंसिर्सुदी पञ्चमी ।
> नक्षत्रै श्रवणै लगन् पनि असल थिएन केही कमी ।। ७।।” ( चापागाईं, १९८७ पृ.३ )।

बालागुरु षडानन्द अधिकारीको अर्का जीवनीकार हेमराज शर्मा अधिकारी रहेका छन् । उनले लेखेको बालागुरुको जीवनी आबाल ब्रह्मचारी षडानन्द अधिकारीको जीवन कथा तत्कालीन श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभागबाट वि.सं. २०४१ सालमा प्रथम संस्करण छापिएको थियो । वि.सं. २०७५ मा लेखकको स्वीकृति लिएर षडानन्द प्रतिष्ठान काठामाण्डौंले १८४ औं षडानन्द जन्मजयन्तिको अवसरमा षडानन्द ग्रन्थमाला ६ को रूपमा पुनः प्रकाशन गरेको थियो । यस ग्रन्थमा षडानन्दको जीवनी गद्यमा लेखिएको छ । ग्रन्थमा १९ भाग वा अंक रहेका छन् । हेमराज शर्मा अधिकारीले बालागुरुको जन्म तिथि वि.सं.१९८२ मार्ग शुल्क पञ्चमीलाई नै लिएका छन् । उनका अनुसार आबाल ब्रह्मचारीका दाजुहरू जेठा देवीचरण, माइला नर्मदानन्द, साइला माधव, काइला हरीलाल हुन् । तीन दिदी बहिनी जेठी दिव्यलोका, माइली नर्मदा र कान्छी जान्धवा थिए (अधिकारी, २०६२) । जेठी बाल विधवा थिइन् (अधिकारी, २०७५) । एउटी दिङ्ला आरुवोटेका गौतमलाई अर्की खोटाङ् सिम्पानीका घिमिरेलाई दिएको थियो । यी नै विधवा दिदीले षडानन्दको सालनाल वरपिपलको फेदमा गाडिदिएकी थिइन् । मेरो भाइ पनि यिनै वरपिपल जस्तै छाहारिदिने होस् भनि कामना गरेकी थिइन् भनिएको छ (अधिकारी,२०७५) । अधिकारीले जेठी दिदीलाई बाल विधवा भनेका छन् । तर सेमन्तराज अधिकारी, एकराज अधिकारीले माइली दिदी नर्मदा बाल विधवा भएर माइतै बसेको कुरा उल्लेख गरेका छन् (अधिकारी, २०६२, अधिकारी,२०७३) । बालागुरुको जन्म तिथिमिति सम्बन्धमा उनको जन्म पत्रिका नै प्रकाशन भइ सकेको छ । उनको जन्म पत्रिका (चिना) अनुसार बालागुरुको जन्म वि.सं.१८९२ साल मंसिर ११ गते मंगलबारका दिन मार्ग शुक्ल पञ्चमी तिथिमा भएको थियो (पन्त,२०७३) । यो तिथिमिति नै

बालागुरुको आधिकारिक र वास्तविक जन्म तिथिमिति भएको देखिन्छ।

बालागुरुको बाल्यकालमा आमाको दुधले नपुगेर स्थानीय छिमेकी बोधने दमाइकी श्रीमती धनमायाको दुध खाएका थिए भन्ने भनाइ पनि स्थानीय रूपमा रहेको छ।

**षडानन्दको नाम**

बालागुरुको नाम लेखाइ फरक फरक रहेको पाइएको छ। अहिले सबैतिर षडानन्द नाम प्रचलित रहेको छ। यस सम्बन्धमा बालागुरुको जीवनकालका स्रोतहरू मध्ये वि.सं. १९६६ आषाढ १८ षडानन्द पाठशाला परिसर (हाल षडानन्द गुठी परिसर) मा राखिएको शिलालेख र सोही मितिमा बनाएको धर्म पत्रिकामा समेत नाम फरक फरक रहेको छ। धर्म पत्रिकाको शुरुमा गर्ने षडानन्दशर्मणा रहेको सोहि पत्रिकाको अन्तमा सहीमा अस्यां धर्मपत्रिकायां मया आबल ब्रम्हचारिणः षडाननशर्मणः उल्लेख गरिएको छ भन्ने भनाइ ज्ञानमणि नेपालको रहेको छ (नेपाल, २०७०)। शीलालेखमा श्रीषडानन्दशर्मणा लेखिएको छ। उनैका सहकर्मी पण्डित नन्दिकेश्वर अधिकारीले षडानन उल्लेख गरेका छन् (अधिकारी, १९६७)। षडानन्दकै जीवनकालमा लेखिएको आबाल ब्रह्मचारी चरितम्मा यज्ञनिधिले षडानन्द नै उल्लेख गरेका छन् (चापागाईं, २०५८)।

वि.सं. १९३५ को लाल मोहरमा षडानन्द,वि.सं. १९४१ को रुक्का आदेशमा षडानंड, वि.सं.१९४२ को ताम्रपत्रमा षडानन्द, वि.सं. १९७० को इस्तिहारमा षडानंन्द लेखिएको छ। षडानन्द अधिकारीले वि.सं. १९५९ जेष्ठ वदि ३०रोज २ मा भतिजाहरूलाई लेखेको पत्रमा षडानन्द उल्लेख छ। आबाल ब्रह्मचारी षडानन्दका भतिजा बद्रिनारयण अधिकारीले काका आबाल ब्रह्मचारी षडानन्द अधिकारीलाई वि.सं. १९६८ जेष्ठ २६ रोज ५ मा लेखेको पत्रमा स्वस्तिश्री षडानन्द पाध्याये के भनेर लेखेका छन् (अधिकारी, २०६२)। बालागुरु षडानन्दलाई सरकारले दिएका स्रेस्ताहरू लालमोहर वि.सं.१९३५ र ताम्रपत्र वि.सं.१९४२ मा षडानन्द उल्लेख छ भने रुक्का आदेशमा षडानंद र इस्तिहारमा षडानंन्द उल्लेख भएको पाइयो। यसबाहेक षडानन्द अधिकारीको जीवनकालमा लेखिएका विभिन्न ७३ ओटा कागजपत्रहरू अवलोकन गर्दा ५२ ओटामा षडानन्द, ६ ओटामा षडानन, ९ ओटामा षडानंद, २ ओटामा खडानन्द, १ ओटामा षडनंन र बाकी तीन ओटामा नामको सट्टा आबाल ब्रह्मचारी गुरुजस्ता सम्बोधन मात्र गरिएको पाइयो। नेपाल सरकारले वि.सं.२०५२ सालमा जारी हुलाक टिकटमा बाल ब्रह्मचारी बालागुरु श्री षडानन्द अधिकारी उल्लेख भएको छ (अधिकारी,२०८१)। बालागुरुको जन्म मङ्सिर शुक्ल पञ्चमी श्रवण नक्षत्रको प्रथम चार घडी ३० पला भित्र भएको थियो। त्यो समयमा जन्मिएका बालबालिकाको नाम "ख" अक्षरबाट शुरु हुन्छ। त्यसै कारण उनको न्वारानको नाम खडानन्द थियो। त्यस समयमा ख र ष लाई उस्तै उस्तै पढिने चलन थियो (सुवेदी, २०८१)। तर सुदेदीको पेटचिरेको ष लाई ख पढ्ने चलन थियो भन्ने भनाइसँग सहमत हुन सकिन्दैन। अझै पनि वेद जस्ता ग्रन्थहरूमा ष लाई ख उच्चारण गरिन्छ। पछिल्लो समयमा पेटचिरेको ष लाई ख उच्चारण नगरेर ष उच्चारण गर्न थालिएको पाइन्छ। अझै पनि पुराना बुढापाकाहरूले पेट चिरेको ष अक्षरलाई ख नै उच्चारण गरेको पाइन्छ। यो लेखक त्रिभुवन विश्वविद्यालय किर्तिपुरमा बालागुरुको नामबाट स्थापना भएको षडानन्द बहुमुखी क्याम्पसको काममा जाँदा त्यहाँका कर्मचारीहरूले षडानन्द क्याम्पस नभनेर खडानन्द क्याम्पस भनेको धेरै पटक सुनेको छ। यसरी षडानन्दका विभिन्न अभिलेखमा उनका नाममा एकरुपता पाइएको छैन बालागुरु आफैले पनि आफ्नो नाम लेख्दा कतै षडानन्द कतै षडानन लेखेको पाइन्छ।

## बालागुरुको दिङ्ला पुनरागमन

बालागुरु षडानन्द आमाको अन्तिम अवस्था भएको जानकारी भएपछि आमाको अन्तिम दर्शन गर्न दिङ्ला घर आएको मानिएको छ । तर उनी कुन साल घर फर्के भन्ने स्पष्ट प्रमाण भने भेटिन्दैन । वि.सं. १८३१ कार्तिक महिनामा षडानन्द अधिकारी मातृभूमि छोडेको ३१ वर्ष पछि ३९ वर्षको उमेरमा दिङ्ला फर्किए (अधिकारी,२०७५) भनिएको भए तापनि वि.सं. १९२८ पौष ४ गते आइतबारका दिन बालागुरु षडाननलाई कुशियार शिवलाल पोख्रेलले अध्यात्म रामायण र काशी माहत्मयजस्ता पुराण सुनि विष्णु पृतये गरी शाल्मा व्यासी विरौटो खेत दान दिएको र सोही मितिमा उक्त शिवलालले दान गरेको जग्गा उपर हक दावी गर्ने छैनौं भनि शिवलालका दाजुभाइहरू नैनानन्द, छविलाल र हेमलाल पोख्रेलहरूले सदर गरेको दान पत्र (बालागुरु षडानन्द सम्बन्धी अभिलेख तथा कागजात, २०७० पृ. ९-११) प्रकासित भएको छ । यसबाट बालागुरु षडानन्द वि.सं. १९३१ मा हैन त्यो भन्दा अगाडि नै दिङ्ला फर्कि समाजमा प्रतिष्ठासमेत आर्जन गरिसकोको देखिन्छ । यस हिसाबबाट बालागुरु वि.सं. १९२५-२६ को नजिकमा दिङ्ला फर्किएको अनुमान गर्न सकिन्छ । उनी घर फर्केको तीन दिनमै आमाको देहान्त भएको भनिएको छ (अधिकारी, २०७५) । आमाको आशोच १ (एक) वर्ष बार्नुपर्ने धर्मशास्त्रको नियम अनुसार १ वर्ष आशोच बार्दा बित्यो । आशोच बारेका समय धार्मिक नियमअनुसार पुराण भन्न मिल्दैन । आमाको आशोच सकिएको लगत्तै पुराण भनेर दान लिएका हुन् भने पनि वि.सं. १९२६-२७ तिर उनी पुनः दिङ्ला फर्केको हुनु पर्दछ भनि अनुमान गर्न सकिन्छ ।

## शिक्षादिक्षा

बालागुरु सानैदेखि प्रतिभाशाली थिए । सुनेका कथाहरू जस्ताको तस्तै सुनाउन सक्थे, सुनाउँथे । उनका कथा सुन्न ठुला मानिसहरु पनि भेला हुन्थे । त्यसैले उनलाई बाला पण्डित वा बालागुरु भन्न थालियो (अधिकारी, २०७५) । अहिले स्थानीय बासिन्दाहरूले बालागुरु षडानन्दलाई 'बालागुरु','आबाल ब्रह्मचारी' 'गुरु महाराज' जस्ता शब्दले चिन्दछन् ।

आठ वर्षको उमेरमा षडानन्दको व्रतबन्ध भयो (अधिकारी,२०७५) । धर्मशास्त्रअनुसार व्रतबन्ध/उपनयन संस्कार भएपछि ब्राम्हण क्षत्रीय शिक्षा प्राप्त गर्न योग्य हुन्छन् । व्रतबन्ध गर्दा देशान्तर कथा सुनाइन्छ, देशान्तर लगिन्छ पनि । देशान्तर लैजादाखेरी नै नफर्किएको, मिथिलाको तिरहुत जाउ भन्ने सपना भएको (अधिकारी, २०७३) भन्ने भनाइ, जनकपुर जाने तीर्थयात्रीहरूसँगै भागेर जनकपुर गएको उतै रही शिक्षा आर्जनमा लागेको (अधिकारी,२०७५), वोधने दमाइको श्रीमती धनमाया दमिनीबाट पढ्न जाने पनि प्रेरणा भएको पनि उल्लेख छ (सुवेदी,२०४२, गौतम,२०५९) ।

आठै वर्षको उमेरमा व्रतबन्धकै दिन देशान्तर जाँदा फर्केर नआएको भन्ने भनाइ अलि अतिशयोक्ति पूर्ण नै होला । षडानन्दको उमेर १०/१२ वर्ष भएपछि शिक्षा आर्जनको चेतना भई घरबाट तीर्थयात्रीहरूसँगै भागेर जनकपुर गएको भनाइ यथार्थको नजिक हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ । तीर्थयात्रीहरूको टोलीमा उनकै मामा पनि रहेका र जनकपुर पुगेपछि उनी उतै तीर्थयात्रीकहरूको टोलीबाट छुट्टिएर उनी जनकपुरमै छोडिएका थिए । जनकपुरमा षडानन्दले जानकी मन्दिरका महन्तकोमा खाने बस्ने सुविधा पाए (अधिकारी,२०७३) । जनकपुरकै राम दास बाबाको आश्रममा शिक्षा लिए । ८ वर्ष जनकपुरमा बसे । काशी जानु अघि केही समय मटिहानीमा पनि बिताएका थिए । थप उच्च शिक्षाका लागि उनी काशी गए (अधिकारी,२०७५) । अधिकारी वि.सं. (२०७५)का अनुसार वि.सं. १९०८ मा एक महिनाको पैदल यात्रा गरी षडानन्द काशी पुगे । विद्याको खोजमा ज्योतिर्मठमा बसे । ज्योतिर्मठमा श्री १०८

स्वामी सच्चिदानन्दको उनका गुरु थिए । काशीमा ८ वर्ष बसेर अध्ययन गरेपछि स्वामी सच्चिदान्दसँग बिदा भएर षडानन्द नेपाल फर्केको थिए भन्ने अभिमत रहेको छ ।

काशीको असिनजिक कुरुक्षेत्रमा मग्निराम ब्रह्मचारी उनका गुरु थिए (कोही, वि.सं. २०३४) । स्वामी प्रपन्नाचार्यका अनुसार बालागुरु षडानन्दले मिथिला, जनकपुर (तिरहुत) आदि धेरै ठाउँमा प्राथमिक शिक्षा प्राप्त गरेको देखिन्छ । विशेष अध्ययन, चिन्तन, मनन, निसिध्यान (उच्च शिक्षा) काशीको मग्निराम गुरुको मुमुक्षु भवनमा प्राप्त गरेका थिए। मग्निराम तत्कालिन भारत वर्षका सुप्रसिद्ध साधक तथा सिद्धहरूमा सर्वमान्य थिए। षडानन्दका गुरुभाइ भृगुराम ब्रह्मचारी थिए (प्रपन्नाचार्य, २०७३) । हेमराज अधिकारीले काशीमा बालागुरुका गुरु स्वामी सच्चिदानन्द भनेका छन् तर यसको स्रोत उनको पुस्तकमा उल्लेख भएको छैन । स्वामी प्रपन्नाचार्यले मुमुक्षु आश्रमबाट सञ्चालित संस्कृत कलेजका प्राचार्य शशिधरका पुराना कागजपत्र र लेखोटहरूबाट थाहा पाएर लेखेको र षडानन्द पाठशालामै अध्ययन गरेका नरपति पोख्रेल र छविलाल पोख्रेलमध्येका नरपति पोख्रेलले विद्यार्थी अवस्थामा बालागुरुले मेरा गुरु मग्निराम ब्रह्मचारी हुन् भनेर भनेको, आफ्ना गुरुको सिद्धिका प्रशंशा पनि सुनेको प्रसंग उल्लेख गरिएकोबाट बालागुरुका उच्च शिक्षाका प्रमुख गुरु स्वामी सच्चिदानन्द हैनन् मग्निराम नै भएको कुरा सत्यताको नजिक देखिन्छ। स्वामीजीले शशिधरसँग अहिले पनि ती कागज पत्र सुरक्षित भए नभएको खोज्नु पर्ने कुरा समेत औल्याएका छन् । मग्निराम तत्कालिन भारत वर्षका नाम चलेका सिद्ध मध्येमा एक थिए (प्रपन्नाचार्य, २०७३) ।

## सामाजिक तथा धार्मिक कार्यहरू

### *सीताराम, षडेश्वर र राधाकृष्ण मन्दिर स्थापना*

बालागुरु षडानन्दले वि.सं.१९३२ चैत्र रामनवमी सोमबारका दिन सीताराम मन्दिरको स्थापना गरेका थिए (दिङ्ला साल्मा बस्ने बिचारी जमान सिंह बस्न्यात क्षत्रीले श्री सीताराम मन्दिर र पाठशालाका लागि गुठी राख्न बन्धकी जग्गाको थैली दान गरेको दान पत्र, वि.सं. १९५५, धर्म पत्रीका, वि.सं. १९६६, अधिकारी वि.सं. २०६७, षडानन्द काव्यसंग्रह वि.सं २०७४) । सो मन्दिरमा स्थापना भएका सीताराम र लक्ष्मणका प्रतिमाहरू हरिहर क्षेत्र उज्जैनिबाट ल्याइएका थिए (अधिकारी, २०६७, चापागाई २०५७ ) । बालगुरुले स्थापना गरेको मुख्य संरचना सीताराम, षडेश्वर र नर्मदेश्वर मन्दिर हुन् । नर्मदेश्वर मन्दिर कहिले स्थापना भयो भन्ने अभिलेख प्राप्त भएको छैन । नर्मदेश्वर रहेको ठाउँलाई धर्म पत्रिकामा वि.सं. १९३२ मा सीताराम मन्दिर स्थापना भएको (अहिले कैलास भनिने) डाँडामा नर्मदेश्वर मन्दिर रहेको छ । वि.सं.१९६० वदि १४ रोज शिवरात्रीका दिन षडेश्वर महादेवको स्थापना गरियो (धर्म पत्रिका, वि.सं. १९६६) । सीताराम षडेश्वर मन्दिर दुईकोठा भएको एउटै जगमा युग्म मन्दिरको निर्माण गरी दुइटा गर्भ गृहमध्ये एउटामा सीताराम र अर्को गर्भ गृहमा षडेश्वर स्थापना भएको थियो । कैलास डाँडाबाट वर्तमान सीताराम गुठी परिसरमा सीताराम मन्दिर कहिले स्थानन्तरण भयो भन्ने एकिन प्रमाण नभए पनि उक्त युग्ग मन्दिर रहेको एक गर्भ गृहमा षडेश्वर महादेवको शिला प्रतिमा रहेको र षडेश्वरको प्राण प्रतिष्ठा वि.सं.१९६० शिवरात्रीका दिन भएको थियो । "यज्ञनिधिको अनुसार अघि रामचन्द्र थिए पछि शिवलिङ्ग थप्ना महा" भन्ने भनाइबाट वि.सं. १९५५ कैलास (डाँडा) बाट सीताराम मन्दिर हालको गुठी परिसरमा सारिएको र पछि वि.सं. १९६० मा षडेश्वर थपिएको भन्ने देखिन्छ । कैलासमा रहेको सीताराम मन्दिरमा रहेका सीताराम वर्तमान गुठी परिसरमा सारिए पछि कैलासको मन्दिर देव प्रतिमा विहिन हुने भएको हुँदा वि.सं. १९५५ मा कैलाशमा नर्मदेश्वर महादेव स्थापना भएको अनुमान गर्न सकिन्छ । धर्मपत्रिकामा डाँडामा रहेको

नर्मदेश्वर भनिएको छ। वि.सं.१९६६ को धर्म पत्रिकामा डाँडाका मन्दिरमा नर्मदेश्वरको पूजा अक्षता र पूजा गर्ने बाहुनको खान्कि समेतका लागि वार्षिक ५ मुरी धानको व्यवस्था गरिएको छ। यसबाट प्रष्ट हुन्छ नर्मदेश्वर महादेवको स्थापना वि.सं. १९६६ भन्दा अगाडि कुनै सालमा स्थापना भएको कुरा चाहिँ प्रष्ट हुन्छ।

राधा कृष्णको मन्दिर निर्माण कर्ता दिङ्ला साल्मा बस्ने जमदार बलभद्र बस्नेत क्षेत्री हुन्। उनले राधाकृष्ण मन्दिरको पूजारी, पूजा सर्दाम, नगराबादक र सरसफाइको लागि वि.सं.१९६६ भाद्र ४ गते मंगलबारका दिन बालागुरु षडानन्दले देवालय निमित्त तयार गरेका गिर्दाभित्र राधाकृष्ण मन्दिर तयार गरी गुठ अर्पण गरेका छन्। यो मन्दिर सानो छ। पक्की इटाले बनेको छ। द्वारको ढोकाको सरी र ठेलो ढुङ्गाले बनेको छ। यो मन्दिर घण्टे शैलीमा बनेको छ यसलाई शिखर शैली पनि भन्न सकिन्छ (खतिवडा, २०७९)। सोम प्रसाद खतिवडाका अनुसार यो मन्दिर वि.सं.१९६० तिर बनेको मानिएको छ। यस मन्दिरमा बलभद्र बस्नेतले भव्य राधाकृष्णको प्रतिमा पनि चढाएका थिए। यो प्रतिमा पछि हराएको थियो, भेटीएन। अहिले कुनै भक्तले चढाएको राधाकृष्णको प्रतिमा रहेको छ (बस्नेत, खतिवडा २०८२)। खतिवडाले राधाकृष्णमन्दिर वि.सं. १९६० तिर बनेको भनेता पनि मन्दिर कुन सालमा बनेको हो भन्ने एकिन तिथिमिति त कतै उल्लेख भएको पाइएन। तर उक्त मन्दिरका लागि पूजा पाठ गराउने पूजारी व्यवस्थापन, पूजा सामग्री, बाद्यबादन, सरसफाइ र मर्मत सम्भारका लागि समेत बलभद्र बस्नेतले भूमिदान गरेको दानपत्र बालागुरू षडानन्द सम्बन्धी अभिलेख कागजातमा प्रकाशित छ। उक्त अभिलेख अनुसार राधाकृष्णको मन्दिरमा पूजा गर्ने ब्राह्मण र पूजाका सर-सामान चंन्दन, अक्षता, धूप र बत्ती समेतलाई वर्षको ५ मुरी धान, नगरा बजाउनेलाई वर्षको एक मुरी पाँच पाथी धान, सरसफाइ गर्नेलाई एक वर्षको १० पाथी, जगेडा कोषमा प्रति वर्ष १० पाथी, मालपोत तिर्नका लागि तत्कालीन समयमा लाग्ने मालपोत रु.१।५० का लागि १५ पाथी र एक वर्षका लागि चाहिने जम्मा ८ मुरी धान छुट्याइएको छ। यसका लागि ४ खला खेत राजिनामा गरी गुठीमा दिइएको देखिन्छ। यो राजिनामा वि.सं.१९६६ साल भाद्र ४ गते बिहिबारका दिन गरिएको छ। यसबाट अनुमान गर्न सकिन्छ, राधाकृष्ण मन्दिर नबनाइ गुठी पक्कै राखिएन। मन्दिर संरचना ठूलो नभएकोले वि.सं.१९६६ साल मै बनाएर कार्य सम्पन्न गरी त्यही साल गुठी राखिएको हुनुपर्दछ (वस्नेत, खतिवडा २०८२)।

दिङ्ला भञ्ज्याङदेखि पूर्वपट्टि डाडो कसैको सन्दिसर्पन नपर्ने रैकर जग्गामा १ (सीताराम) को स्थापना गरी मन्दिर पाठशाला बनाइ (वि.सं. १९६१ साल कार्तिक २५ गते ४ रोजका दिन दिङ्ला साङराङ बस्ने जिम्मावाल खरिदार यज्ञनिधि उपाध्याय र जीवनाथ उपाध्यायले मन्दिर र पाठशालाका लागि पण्डित षडानन्द उपाध्याय अधिकारीलाई भूमिदान गरेको दानपत्र, बालागुरु सम्बन्धी अभिलेख तथा कागजात, २०७०) भनिएको छ। उक्त दानपत्रअनुसार षडानन्दले कसैको सन्दिसर्पन नपर्ने रैकर जग्गामा सीताराम मन्दिर र पाठशाला बनाएको देखिन्छ।

***मन्दिर बैगैचाको जग्गा व्यवस्थापन***

षडानन्दले स्थापना गरेको पाठशालाको पश्चिमपट्टि चारकोठे छात्रबास भवन बनाइ वर्ष ३१ का जीवनाथ चापागाईं वर्ष ४१ का यज्ञनिधि चापागाईंले सितारामामा अर्पण गरेको र मन्दिर पठशालासँगै पश्चिम तेर्छो मुलबाटो पुर्व ठाडो मुलबाटो उत्तर घिसिङ्का बारी छेउ भलजाने गैह्रा दक्षिणको बैराङ् जग्गा उनीहरूको १६ आना छाप भित्र रहेको हुनाले फूलाबारी बगैंचाका निमित्त पाठशालामा मिलाइ १ (सीताराम) मा अर्पण गरीएको छ (वि.सं. १९६१ साल कार्तिक २५ गते ४ रोजका दिन दिङ्ला साङराङ बस्ने जिम्वाल खरिदार यज्ञनिधि उपाध्या र जीवनाथ उपाध्याले मन्दिर र

पाठशालाका लागि पंण्डित षडानन्द उपाध्याय अधिकारीलाई भूमिदान गरेको दानपत्र, बालागुरु सम्बन्धी अभिलेख तथा कागजात, २०७०)।

तर सीताराम मन्दिरको जग्गा घडेरिका निमित्त दिङ्ला गडिगाउँ बस्ने जिम्वाल तालुकदार हवल्दार सोभितमान बस्नेत क्षेत्रीले दिङ्ला भञ्ज्याङ उत्तरपाटामा सीताराम र शिवजीको मन्दिर तयार गरी देवता समेत स्थापना गरेका र पाठशाला समेत राखेका हुनाले घडेरीलाई पनि अघि हामिले दियाका उल्लेख भएको हुँदा सीताराम षडेश्वर मन्दिर बनेको जग्गा सोभितमान बस्नेतले दिएको देखिन्छ। मन्दिरको वोरिपरि खावाडिल तयार गरी यति जग्गा फूलबारी र बर्घैंचा राख्न पाउँ भनि मागेकामा अरु सधियारले पट्टिका अरु तालुकदाहरूले दिएको र मेरा पट्टिको तालुकको जग्गा मसँग माग्दा सो खावा भित्रको परेको मेरो हक जति जग्गामा वन बुट्यानको वन बुट्यानकै जगेडा गरी खालि जग्गामा बघैंचा फूलबारी लगाइ १ (सीताराम) नित्य पूजाआजा गराउनु (वि.सं. १९६१ माघ १० गते १बारको दिङ्ला गडिगाउँ बस्ने जिम्मावाल तालुकदार सोभितमान बस्न्यात क्षत्रीले षडानन्द उपाध्याय अधिकारीलाई भूमिदान गरेको दानपत्र, बालागुरु सम्बन्धी अभिलेख तथा कागजात, २०७०)। यी दुई दानपत्रबाट मन्दिरको घडेरी जग्गा सोभितमान बस्नेतले दिएको र फुलबारी, बगैचाका लागि सोभितमान बस्नेत,यज्ञनीधी चापागाईं र जीवनाथ चापागाईंहरू जग्गा दिएको देखिन्छ।

### *छात्राबास निर्माण*

षडानन्दले स्थापना गरेको पाठशालाको पश्चिमपट्टि चारकोठे छात्राबास भवन बनाइ वर्ष ३१ का जीवनाथ चापागाईं वर्ष ४१ का यज्ञनिधि चापागाईंले सितारामममा अर्पण गरेको देखिन्छ। (वि.सं. १९६१ साल कार्तिक २५ गते ४ रोजका दिन दिङ्ला साङराङ बस्ने जिम्वाल खरिदार यज्ञनिधि उपाध्या र जीवनाथ उपाध्याले मन्दिर र पाठशालाका लागि पंण्डित षडानन्द उपाध्याय अधिकारीलाई भूमिदान गरेको दानपत्र, बालागुरु सम्बन्धी अभिलेख तथा कागजात, २०७०)। यसरी त्यस समयमा शिक्षादीक्षाको लागि आवासीय व्यवस्थापन गरेको पाइन्छ।

### *बुर्जाघर (पूजा सर्दाम र पूजारी बस्ने आवास)*

आबाल ब्रह्मचारी षडानन्दले दिङ्ला भञ्ज्याङ्देखि पूर्वपट्टि स्थापना गरेका शिवजी र सीताराम मन्दिरदेखि पूर्वको बुर्जा समेतको पक्की घर परमेश्वर प्रिती गरी अर्पण गरेको र भत्के बिग्रेमा तयार गर्न मरुवा वेशीको २ मुरी उब्जा हुने खेत नन्दिकेश्वर अधिकारीले भूमि दान गरेको दानपत्र वि.सं. १९६३ बैशाख ७ गते ५ बार (बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०) अनुसार सो मन्दिरदेखि पूर्वमा बुर्जासहितको पक्की घर नन्दिकेश्वर अधिकारीले बनाएर गुठीमा अर्पण गरेको तथा त्यसको मर्मत सम्भारको लागि समेत व्यवस्था गरेको देखिन्छ। यो घरका बारेमा नन्दिकेश्वरले पृथ्वी पूजादेखि शीलापत्र राखुन्जेल मन बचनले गुरुको कृतिको पछि लागेका हुनाले उनी उपर गुरुको कृपादृष्टि परेर मन्दिर पूर्वको पूजारी ब्रह्म देवताको सर्दाम राख्ने पक्की घर पाटी तैँले तेरा खर्चले प्रतिष्ठा गर्नु भन्ने गुरुको आज्ञाले महतारीका साथ भइ प्रतिष्ठा देवार्पण गरेको हुँ भनि लेखेका छन् (अधिकारी, २०६७)।

### *शिवेश्वर शिवलिङ्ग*

शिवेश्वरको स्थापना वि.सं.१९६४ सालमा रामनवमीका दिन दिङ्ला बस्ने पण्डित शिवलाल पाध्या अधिकारीले गरेका हुन्। यो शिवलिङ्गको दैनिक पूजा पाठ निरन्तर चलोस भन्नका निमित्त उनले वि.सं.१९६४ चैत्र २९ गते ३

बारका दिन वि.सं.१९६४ सालको बालिदेखि आयस्ता खान पाउने गरी १५ पाथी उब्जा हुने खेत गुठीमा दान गरेका छन् (शिललाल अधिकारीको वि.सं.१९६४ को बालागुरुलाई भूमिदान गरेको दानपत्र,बालागुर सम्बन्धी अभिलेख तथा कागजात, २०७०)।

***जयधर्मेश्वर शिवलिङ्ग***

जयधर्मेश्वर शिवलिङ्गको स्थापना दिङ्ला बितलव बस्ने पंण्डित जयधर्म अधिकारीले गरेका हुन्। यस शिवलिङ्गको स्थापना मिति एकिन उल्लेख भएको पाइदैन तर शिवलिङ्गको दैनिक पूजा र पूजारीलाई खान्की समेतका लागि जयधर्मले वि.सं.१९६६ जेष्ठ ३ गते १ बारमा मार्से रैकर २ मुरी ५ पाथी उब्जा हुने खेत षडानन्दलाई दान गरेको भूमिदान पत्रबाट पत्ता लाग्दछ (बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०)। यस लिखतबाट जयधर्मेश्वरले वि.सं. १९६६ वा त्यस साल भन्दा अधिल्लो साल उक्त शिवलिङ्ग स्थापना गरेको अनुमान गर्न सकिन्छ।

***रामेश्वर शिवलिङ्ग***

रामेश्वर शिवलिङ्गको स्थापना दिङ्ला साङराङ बस्ने रामनाथ पाध्या अधिकारीले गरेका हुन्। यो शिवलिङ्गको स्थापनाको वास्तविक स्थापना मिति चाही खुलेको छैन। रामनाथ अधिकारीले वि.सं. १९६६ जेठ १० गते १ बारमा यो शिवलिङ्गको नित्य पूजाआजाका लागि अक्षता, ब्रह्मणलाई खान्गी र बाँकीले पाठशालाको १ कोठाको मर्मत सम्भारका लागि ६ मुरी १० पाथी उब्जा हुने खेतको कुत परसारी बाँकी रहेको आयस्ताले रामेश्वरको नित्य पूजाआजा र छात्राबासको मर्मत होस् भनेर आबाल ब्रह्मचारी षडानन्दलाई भूमिदान गरेको दानपत्रबाट यो जानकारी प्राप्त हुन्छ (रामनाथ पाध्या अधिकारीले षडानन्द अधिकारीलाई भूमिदान गरेको दानपत्र, १९६६, बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०)।

***यज्ञेश्वर शिवलिङ्ग***

यो शिवलिङ्गको स्थापना खरिदार यज्ञनिधि चापागाईंले गरेका हुन्। यस शिवलिङ्गको नित्य नैमित्य पूजाका लागि वार्षिक १ मुरी धान गुठीमा दिने वि.सं. १९८८ को तर्जुमा पत्रमा उल्लेख भएको र एक मुरी धानको सट्टा वि.सं. २००६ साल बैशाख २ गते नरनाथ उपाध्याय देवराज पाध्या, देवीप्रसाद उपाध्या र डम्बरु बल्लभ उपाध्याले राजीनामा गरी जग्गा दान गरेको दानपत्रमा उल्लेख भएको छ (बालागुरु षडानन्द अभिलेख तथा कागजात, २०७०)।

***जमान सिंह पाटि***

यो पाटी दिङ्ला उदयपुर बस्ने बिचारी जमान सिंह बस्नेत क्षेत्रीले निर्माण गरी गुठीमा अर्पण गरेका थिए। यो पाटी हालको षडानन्द सीताराम गुठी परिसरमा भित्र पस्दा देब्रेतिर शुरुमै अवस्थित रहेको छ। यसको पनि निर्माण सम्पन्न भएको साल एकीन छैन। तर पाटीमर्मत, झाडु बढारु गर्ने कार्यका लागि जमानसिं बस्नेतले १९६६ आषाढ १६ गते ३ बारमा बालागुरु षडानन्दलाई गरेको भूमिदान पत्रबाट ज्ञात गर्न सकिन्छ (बिचारी जमान सिं बस्नेतले षडानन्द अधिकारीलाई भूमिदान गरेको दानपत्र, वि.सं. १९६६, बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०)। यो पाटी निर्माणको उद्देश्य मुसाफिरहरूलाई बास सुविधा पुर्याउने रहेको उल्लेख भएको छ।

### *नित्य नगरा बजानउने नगर्चीका लागि गुठी व्यवस्था*

षडानन्द सीताराम मन्दिर परिषरमा (हाल षडानन्द नगरपालिका वडा नं. ४) दैनिक नगरा बजाउनका लागि एक वर्षको १ मुरी ५ पाथी धानको व्यवस्था गरिएको थियो। (वि.सं.१६६ दिङ्ला साल्मा बस्ने जमदार बलभद्र बस्नेत क्षेत्रीको भुमिदान पत्र, बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०)।

### *गौचरणको व्यवस्था*

गाई चराउनका लागि बाली नलगाइकन छोडिएको जमिनलाई गौचरण भनिन्छ। गौचरणको स्थापना बालागुरुले गरेको देखिन्छ। कुन सालमा सो गौचरणको स्थापना गरेका हुन लिखित प्रमाण भने भेटिएको छैन। तर गौचरणका लागि थप जग्गादान वि.सं. १९६८ भएको दानपत्र (बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०) मा प्रकासित रहेको छ। यस दानपत्रमा पंण्डित खडानन्द पाध्यालाई दान गरी सो जग्गा गौचरणमा मिसाइ दिनु भनिएको हुँदा गौचरणको स्थापना वि.सं. १९६६ भन्दा अघि भएको स्पष्ट देखिन्छ। यो गौचरण हाल षडानन्द नगपालिका वडा नं. ४ दिङ्ला बजार भन्दा केही माथि रहेको छ। हाल गौचरणमा मुलपानी प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ।

## मेला पर्व र प्रचलनहरू

### *शिवरात्री, राम नवमी, कृष्ण अष्टमी,बालाचतुर्दशी*

अहिलेसम्म पनि दिङ्लामा बालाचतुर्दशी र राम नवमी मेला भव्यरूपमा लाग्ने गर्दछन्। दिङ्लामा शिवरात्रीमा शिव आराधाना, कृष्ण अष्टमीमा कृष्ण आराधाना, हरितालिका तीज, ऋषि पञ्चमी आदि पर्व विशेषमा धार्मिक अनुष्ठान जे जस्तो रूपमा भएपनि अझै निरन्तर आयोजना हुने गरेका छन्। रामनवमी र बाला चतुर्दशी मेला कुन सालबाट लाग्न शुरु भएको हो त्यसको वास्तविक तिथिमिति भने थाहा हुन सकेको छैन। बालागुरुको वि.सं. १९६६ सालको धर्म पत्रिका खर्च फाँटमा रामनवमी मेला के मो रु. ४ रुपौंया ५० पैसा रहेको छ। तर सोहीसालको शिलालेखमा भने यी मेलाहरूको उल्लेख भएको छैन। तर वि.सं. वि.सं. १९७५ को तजविज पत्रमा भने यी पर्वहरूको बारेमा उल्लेख गरिएको छ। देवताका मन्दिरमा शिवरात्री, रामनवमी, कृष्णाअष्टमी र बालाचतुर्दशीमा महाबत्ती बाल्न अघि खर्च नरहेको हुँदा सो खर्चका लागि १ मुरी १० पाथी धान छुट्याइएको छ। शिवरात्री र बालाचतुर्दशी पर्वहरूमा महाबत्ती बाल्ने कार्य हुने गरेको र वि.सं. १९६६ भन्दा अघि नै यी पर्वहरू मनाउन शुरु भएको तर ती पर्वमध्ये बालाचतुर्दशीमा हुने खर्च छुट्याउन वि.सं. १९६६ को धर्म पत्रिकामा छुटेको देखिन्छ। रामनवमी, सद्धी मेला लगाउने कार्यको खर्चको जिम्वेवारि संस्थागत रूपमा वि.सं. १९७५ को तजविजपत्रमा स्वीकार गरिएकोबाट यी मेलापर्वको सुरुवात दिङ्गलामा बालागुरुले गरेको प्रमाण पुग्दछ। अब रह्यो मेलापर्व कहिले कुन मितिबाट सुरुवात भयो भन्ने हो। यस सन्दर्भमा हालसम्म उपलब्ध ठोस प्रमाण नभएको कारण यसै भएको भन्न सकिने अवस्था छैन। तर वि.सं. १९३२ मा सीताराम स्थापना भएकोले सोही वर्षबाट रामनवमी मेला शुरु भएको हुन सक्छ सक्ने अनुमान मात्र गर्न सकिन्छ। बालाचतुर्दशीको शुरुवात चाहिँ नर्मदेश्वर स्थापनासँगै वा षडेश्वर स्थापना वि.सं. १९६० बाट शुरु भएको अनुमान गर्न सकिन्छ। किनभने बालाचतुर्दशी मेला शैव (शीव) तीर्थहरूमा मात्र लाग्ने धार्मिक प्रचलन रहेको छ। त्यसैले नर्मदेश्वर वा षडेश्वर स्थापनासँगै बालाचतुर्दशी मेलाको प्रचलन बालागुरुले शुरुवात गराएको अनुमान गर्न सकिन्छ।

### *गुठी स्थापना*

बालागुरु षडानन्द वि.सं. १९३२ मा सीताराम मन्दिर स्थापना गरेपछि उक्त मन्दिरमा दैनिक पूजापाठ गराउन पूजारीको व्यवस्था गर्न उनलाई स्थायी आयश्रोतको आवश्यकता भयो । त्यसका लागि बालागुरुले बिर्ता, किपटबाहेक शुद्ध बाँझो रैकर जग्गा ५ रोपनी र मन्दिर बनेको जग्गा १ रोपनी समेत जम्मा ६ रोपनी जग्गा साँध सिमाना किल्ला समेत खोली गुठी बिर्ताको लालमोहर तत्कालिन नेपाल सरकारबाट वि.सं.१९३५ आश्विन सुदि १५ रोज ६ मा जारी गराए (कार्की, २०६८) । यो नै षडानन्दले पाएको गुठी बन्दोबस्तीसम्बन्धी पहिलो सरकारी प्रमाण वा कागज हो । वि.सं. १९४१ बालागुरुले पुनः गुठीका लागि २ कित्ता खेत राजीनामा गरी किनेको र उक्त खेतपछि किपटियाले कुनै पनि प्रकारले हक दाबी गरी झमेला गर्न नसकुन र खोस्न नसकुन भन्ने मनसायले रुक्का आदेश तत्कालीन नेपालका प्रधानमन्त्री रणदिप सिंह र कमाण्डर इन चिफ धीर समशेरबाट वि.सं. १९४१ भाद्र सुदि १० रोज १ मा जारी गराएको पाइन्छ । यस बिचमा बालागुरुले दानदातव्यबाट र आफैले किनेर समेत जग्गा थप गरेको, ती जग्गासमेत गुठीमा राख्न चाहेको र वि.सं. १९३५ मा लालमोहरमा उल्लेख भएका जग्गा रुक्कामा समावेश भएका जग्गा अन्य जग्गा समेतको विवरण उल्लेख गरी गुठीमा थप समेत गरी वि.सं. १९४२ माघ वदि ४ रोज १ मा तत्कालीन नेपालका राजा श्री ५ पृथ्वीवीरविक्रम शाहबाट ताम्रपत्र जारी गराएका थिए (पृथ्वीवीरविक्रम शाहबाट षडानन्द अधिकारीका नाममा जरी भएको ताम्रपत्र वि.सं. १९४२, बालागुरू सम्बन्धी अभिलेख तथा कागजात, २०७०) । गुठी बन्दोबस्तीकै सिलशिलामा वि.सं. १९७० मा बालागुरुले राखेको दिङ्लाको गुठी चलि रहेको तर केही आसामी मरी सकेका कोही भागि सकेका हुँदा दोहरी लगाउन बाधा परेकोले गुठीमा कसैको हकभोग छ भने दावि गर्नु भनी दोहोरी लगाउइ पाउँ भनि गुठी बन्दोवस्ती अड्डमा बिन्तिपत्र हाल्दा ३५ दिन भित्र गुठी बन्दोवस्तमा आइ उजुरी गर्नु भन्ने इस्तिहार वि.सं. १९७० फागुन १ गते गुठी बन्दोवस्ती अड्डाले जारी गरेको थियो । आफुले स्थापना गरेको गुठीलाई थप व्यवस्थित बनाउन बालागुरुले वि.सं. १९६६ आषाढ १८ गते धर्म पत्रिका र शिलालेख सोही साल आषाढ १७ गते शिलापत्र पनि राखेका छन् । धर्म पत्रिकामा र शिलालेखमा गुठीमा दान दिनेदाताहरू, गुठीमा रहेका धनमाल सामानको विवरण, सरकारको कार्य, स्थानीय समुदायको दायित्व, गुठीयारको काम कर्तव्य र अधिकार, पाठशालामा अध्यापन गराउने अध्यापक र परीक्षकहरूको वृत्ति, कर्मचारीहरूको वृति (मालि, नगर्ची र झाडुवढारु), विद्यार्थीहरूको सिधा (अहिलेको भाषामा छात्रवृत्ती), मर्मत सम्भार, लेखापरीक्षण (हिसाब जाँचकी) आदिको विस्तृत व्यववस्था उल्लेख गरिएको छ । यसरी बालागुरुले गुठीको स्थापना गरी स्थापित चाल चलन, चाडपर्व मठमन्दिरमा हुने धार्मिक कार्य,पाठशाला निरन्तर चलिरहोस भन्ने भावना गरेको पाइन्छ । आधुनिक व्यवस्थापनको अवधारणा अनुसार दीर्घकालिन व्यवस्थापनको अवधारणालाई अपनाइएको स्पस्ट हुन्छ ।

### *पाठशाला स्थापना*

विक्रम संवत १९३२ साल चैत्र शुक्ल रामनौमी सोमबारका दिन १ (सीताराम) का प्रतिमा स्थापना गरि पूजा चलाइ आयाको र१९५५ साल फाल्गुन शुदि ६ रोज ६ का दिन १(सीताराम) ३ (श्रीषडेश्वर) प्रीतये गरि विद्या पढ्नाको इच्छा भयाका ब्राह्मन क्षेत्र्यादिहरूका छोराहरू समेतलाई जो विद्या पढ्नाको इच्छा हुन्छ सो सुविस्ता साथ पढुन भन्या निमित्त २ (पठशाला) राषेको....(धर्म पत्रिका, वि.सं. १९६६) । यसरी षडानन्द पाठशालाको औपचारिक स्थापना वि.सं. १९५५ रामनवमी शुक्रबारका दिन भएको देखिन्छ । षडानन्द अधिकारीले स्थापना गरेको अहिले षडानन्द

माध्यमिक विद्यालयको रूपमा सञ्चालित विद्यालयको साइन बोर्डमा पनि स्थापना वि.सं. १९३२ नै रहेको छ। तर, पाठशाला १९३२ मा स्थापना भएको ठोस लिखित प्रमाण भने पाउन सकिएको छैन। सायद पाठशाला वि.सं. १९३२ बाट अनौपचारिक रूपमा स्थापना भएको हुन सक्छ। तर तत्कालीन समयको नेपाल सरकारको (राणा सरकार) शिक्षाप्रति प्रतिकूल दृष्टि नरहेको हुनाले विद्यालय खोलेको कुरा औपचारिक रूपमा प्रचारप्रसार नगरिएको हुन सक्तछ। योगी नरहरीनाथ, ज्ञानमणि नेपाल, दधिराज सुवेदी आदि धेरै लेखकहरूले वि.सं. १९३२ मा स्थापना भएको दावी गरे तापनि त्यसको सन्दर्भ स्रोत चाहिँ उल्लेख भएको पाइएन। बालागुरु षडानन्द सम्बधी अभिलेख तथा कागजात वि.सं.२०७० मा प्रकाशित बालागुरु सम्बन्धी अभिलेखहरूमा पनि वि.सं.१९५५ भन्दा अघिका अभिलेखहरूमा पाठशाला (विद्यालयको) उल्लेख भएको पाइएन। सुदिप अधिकारीले जंगबहादुरको मैखिक आदेशमा विद्यालय स्थापना भएको तर्क गरेका छन्। यदि मौखिक आदेशबाट विद्यालय स्थापना वि.सं. १९३२ मै भएको भए बालगुरुले वि.सं. १९३५ मा जारी गराएको लालमोहर, वि.सं. १९४१ को रुक्का तथा वि.सं.१९४२ को ताम्रपत्रमा विद्यालयको कतै न कतै उल्लेख हुनुपर्ने हो। तसर्थ पाठशालाको स्थापना मिति वि.सं. १९३२ सन्दर्भमा थप अनुसन्धान हुन आवश्यक रहेको छ। बालागुरु आफैले शिक्षा हाँसिल गर्न धेरै कठिनाइ भोग्नु परेको उनले जनकपुर काशी लगायतका स्थानमा पढेका त्यसै स्थानमा सञ्चालित गुरुकुल नमुनाको विद्यालय अनौपचारिक रूपमा वि.सं. १९३२ बाटै चलाउन शुरु गरे होलान् भन्ने अनुमान चाहि गर्न सकिन्छ।

पाठशालामा पढाउने प्रधानाचार्य (Head Teacher) को पारिश्रमिक वार्षिक ६३ मुरी चार पाथी धान, ६/६ महिनामा परीक्षा लिने परीक्षकका लागि ६ मुरी ३ पाथी धान, विद्यार्थीहरूके घर नजिक नभएयाका पढ्नामा मिहनेत गर्ने, विद्यार्थीहरूलाई पढाउने र परीक्षा गर्ने पंण्डितहरू र गुठीको काम गर्ने जिम्मावालहरूको तजविजले दर्जा र मिहिनेत अन्सार धान सीधा बाड्नके १४० मुरी ६ पाथी धान, मन्दिर पाठशाला टहलुवाका लागि वार्षिक ६ मुरी धान छुट्याएको देखिन्छ (धर्म पत्रिका,१९६६)। यसबाट बालागुरुले आवासीय विद्यालयको अवधारणा अनुसार विद्यालय व्यावस्थापन गरेको देखिन्छ। विनियोजित खर्चका शीर्षकअनुसार कुन स्रोतबाट वार्षिक कति आम्दानी हुन्छ भन्ने समेत सुनिश्चित गरिएको छ। पठनपाठनको गुणस्तर कायम राख्न छुट्टै परीक्षक र परीक्षकले कति समयमा परीक्षा लिने भन्ने समेत व्यवस्था गरिएको छ। यसबाट गुणस्तरीय शिक्षाको सुनिश्चिततामा समेत बालागुरु सचेत थिए भन्ने पुष्टि हुन्छ। यसरी बालागुरु मानव जीवनमा शिक्षाको महत्वलाई हृयदेखि नै बुझेका व्यक्तित्व थिए भन्ने प्रमाणित हुन्छ।

## निष्कर्ष

बालागुरु षडानन्द अधिकारी (वि.सं. १८९२–१९७२) पूर्वी नेपाल दिङ्ला क्षेत्रका मात्र होइन, समग्र नेपाली समाजका एक महत्त्वपूर्ण धार्मिक, शैक्षिक तथा समाज सुधारक व्यक्तित्व हुन्। उनले आफुले प्राप्त गरेको शिक्षालाई स्वदेश फर्केपछि व्यवहारिक रूपमा लागू गर्दै मन्दिर, पाठशाला, गुठी तथा विविध सार्वजनिक संरचनाहरूको स्थापना र ती संरचनाहरूको दीर्घकालीन व्यवस्थापन गरेको देखिन्छ। बालागुरु षडानन्द अधिकारीका योगदानहरू व्यक्ति केन्द्रित नभई संस्थागत स्वरूपमा व्यवस्थित थिए। गुठी व्यवस्थापनका लागि लालमोहर, रुक्का आदेश, ताम्रपत्र तथा इस्तिहार जस्ता वैधानिक कागजात प्राप्त गरी मन्दिरमा, पूजा–पाठ, पाठशाला सञ्चालन, छात्रवृत्ति, छात्राबास, शिक्षक व्यवस्थापन, कर्मचारी व्यवस्थापन, पर्व, मेला तथा सांस्कृतिक गतिविधिहरूको निरन्तरताका लागि दिगो आर्थिक र प्रशासनिक संरचना निर्माण गरेको देखिन्छ। बालागुरुका यी व्यवस्थापन कार्यहरू आधुनिक दीर्घकालीन

संस्थागत व्यवस्थापनको प्रारम्भिक नमूनाका रूपमा लिन सकिन्छ । तर यस्ता व्यक्तित्वको नाममा भने विविधता षडानन् ,षडानन्द, खडानन्द, षडानंद रहेको पाइयो। अहिले उनको नाम षडानन्द प्रचलनमा रहेको छ ।

बालागुरु षडानन्द अधिकारीले शिक्षा विस्तारमा दिएको योगदान विशेष उल्लेखनीय रहेको छ । औपचारिक रूपमा आवासीय पाठशालाको स्थापना वि.सं. १९५५ तथा अनौपचारिक रूपमा पाठशालाको स्थापना वि.सं. १९३२, मा गरिएको पाइयो । विद्यार्थीहरूका लागि आवास, भोजन र अध्ययन सुविधा तथा योग्य शिक्षक र परीक्षकको व्यवस्था गरेर उनले ग्रामीण समाजमा शिक्षाको पहुँच विस्तार गरेको देखिन्छ । धार्मिक शिक्षासँगै नैतिकता, अनुशासन र सामाजिक उत्तरदायित्वलाई शिक्षा प्रणालीसँग जोड्ने उनको दृष्टिकोण तत्कालीन समाजका लागि प्रगतिशील थियो ।

बालागुरु षडानन्द अधिकारीका कार्यहरूले स्थानीय स्तरमा गहिरो प्रभाव पार्न सफल भएका थिए । तर उनका योगदानहरू पर्याप्त रूपमा शैक्षिक जर्नल र अन्तर्राष्ट्रिय अनुसन्धान क्षेत्रमा अभिलेखित हुन सकेका छैनन् । उनले आफूले स्थापना गरेको संरचनामा सामुदायिक सहभागितामा संरचनाहरू निर्माण गराएको पुष्टि गर्ने आधारहरू पाइयो । यसको पुष्टि वालागुरुको अभिप्रेरणमा जमानसिंह पाटि, बुर्जा घर, छात्राबास भवन बन्नु हुन् । उपलब्ध अभिलेख र साहित्यको आधारमा उनका योगदानहरूको पुनर्मूल्याङ्कन गर्दै भविष्यमा थप, तुलनात्मक तथा अन्तरविषयगत अध्ययनको आवश्यकता रहेको देखिन्छ । अन्ततः, बालागुरु षडानन्द अधिकारीको जीवन र कृतित्व नेपाली समाजको धार्मिक, शैक्षिक तथा संस्थागत विकास इतिहास बुझ्न एक महत्वपूर्ण आधार हो भन्ने निष्कर्षमा यो अध्ययन पुगेको छ ।

## सन्दर्भ सामग्री


अधिकारी, एकराज. (वि.सं.२०७३). युग पुरुष, सिद्ध योगी,बाल ब्रह्मचारी श्री षडानन्द अधिकारीको संक्षिप्त परिचय. आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. *आबाल ब्रम्हचारी षडानन्दः बहुआयमिक व्यक्तित्व* (पृ.१३-२३). काठमाणडौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

अधिकारी, हेमराज शर्मा.(वि.सं. २०७५). आबाल ब्रम्हचारी षडानन्द अधिकारीको जीवन कथा. काठमाण्डौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

अधिकारी, दुर्गा प्रसाद.(वि.सं. २०६७) कवि नन्दिकेश्वर अधिकारी र सदाचारज्ञानाऽदर्शकः. अक्षरधामः काठमाण्डौःआबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

अधिकारी, सेमन्तराज.(वि.सं. २०६२) आवाल ब्रह्मचारी षडानन्द अधिकारीका बंशधर दिङ्लाली अधिकारीहरूको वंशावली. काठमाण्डौः हेमाङ्गराज अधिकारी.

अधिकारी, सुदिप (वि.सं. २०८१). नेपालको विविध पृष्ठभूमि र योगदानमा षडानन्द.काभ्रेपलाञ्चोकः शब्दयात्रा प्रकाशन अधक्षरधाम, शब्दसाधक तीर्थ.

आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. (वि.सं. २०७४) षडानन्द काव्य सङ्ग्रह. काठमाण्डौःआबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. (वि.सं.२०७३). आवाल ब्रह्मचारी षडानन्दः बहु आयमिक व्यक्तित्व. काठामाण्डौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

आबाल ब्रम्हचारी षडानन्द प्रतिष्ठान.( वि.सं.२०७०). धर्म पत्रिका. *बालागुरू षडानन्द सम्बन्धी अभिलेख तथा कागजात* (पृ. १३९-१६२) काठमाण्डौः आबाल बह्मचारी षडानन्द प्रतिष्ठान.

कार्की, गोविन्दमानसिंह.(वि.सं.२०६८). बालागुरु षडानन्द र उनीसँग सम्बन्धीत ऐतिहासिक दस्तवेजहरू.सुनसरीः कृष्ण बहादुर कार्की.

कोही, विश्वनाथ. (वि.सं. २०३४). षडानन्दको छोटो परिय. काठमाण्डौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

गौतम, खेमराज. (वि.सं. २०५९). गुरु षडानन्द पद्यकाव्य

चापागात्री, यज्ञनिधि. (वि.सं.२०८७). श्री आवाल ब्रह्मचारी चरित्रम्.काशीः यज्ञनिधि चापागाई. (विराटनगरः चापागाई समाजबाट वि.सं.२०५८ मा पुन मुद्रित.

नेपाल, ज्ञानमणि. (वि.सं. २०७३). आबाल ब्रह्मचारी षडानन्द अधिकारीको अवदान. आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. *बालागुरु षडानन्द सम्बन्धी अभिलेख तथा कागजात*. काठमाडौं : आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

पन्त, दिनेश राज. (वि.सं.२०७३). बालगुरु षडानन्द अधिकारीको जन्म दिनको गते. आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. *आबाल ब्रम्हचारी षडानन्दः बहुआयमिक व्यक्तित्व* (पृ.४७४). काठमाण्डौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

प्रपन्नाचार्य, स्वामी. (वि.सं. २०७३). महापुरुष सबैका लागि वन्दनीय हुन्छन्. आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान. *आबाल ब्रम्हचारी षडानन्दः बहुआयमिक व्यक्तित्व* (पृ.३-५). काठमाणडौः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान.

बस्नेत, नगेन्द्र, खतिवडा, सोमप्रसाद. (वि.सं. २०८२). दिङ्ला क्षेत्रकापुरातात्विक सम्पदाहरू (सहकार्यात्मक अनुसन्धान प्रतिवेदन): (अप्रकाकसित). https://www.shadanandacampus.edu.np/journal_publications/#

सुवेदी, ज्ञानराज.( वि.सं.२०४२). षडानन्द स्मृति काव्य. विराटनगरः प्रतिभा पुरस्कार प्रतिष्ठान.

सुवेदी, लालानाथ.(वि.सं. २०८१). पण्डित, कवि एवं समाजसवी नन्दिकेश्वर अधिकारी. काठमाण्डौः आबाल बह्मचारी षडानन्द प्रतिष्ठान.